Nepali

# जानकारीपत्र २

# राष्ट्रिय असक्तता बीमा योजना (National Disability Insurance Scheme) के हो ?

**यस जानकारीपत्र सांस्कृतिक र भाषिकरुपमा विविध समुदायका मानिसहरुलाई राष्ट्रिय असक्तता बीमा योजना (National Disability Insurance Scheme) बारे अनुवादित जानकारी उपलब्ध गराउनका निम्ति एम्पारो एड्भोकेसी (AMPARO Advocacy) द्वारा विकास गरिएको हो।**

**National Disability Insurance Scheme** लाई एनडीआईएस (NDIS) भनिन्छ र असक्तता भएका मानिसले उनीहरुले आवश्यक हेरचाह र सहायता प्राप्त गर्नका लागि मद्दत गर्ने नयाँ तरिका हो। यो निःशुल्क, राष्ट्रिय प्रणाली हो त्यसैले यो **अष्ट्रेलियाभरिका** सबै मानिसहरुका लागि एउटै हुनेछ। यो सन् 2019 मा मुलुकभर उपलब्ध हुनेछ, र यो क्वीन्स्ल्यान्डसमा सन् 2016 बाट शुरु हुनेछ। NDIS बाट सहायता प्राप्त गर्ने असक्त मानिसहरुलाई "सहभागी" ("participants") भनिन्छ।

## योग्यता

**NDIS अष्ट्रेलियामा बसोबास गर्ने असक्त मानिसका लागि हो र-**

- पहिलोचोटि NDIS माथिको पहुँचका बेला 65 वर्षभन्दा मुनिका मानिस हुनु पर्छ
- अष्ट्रेलियन नागरिक **वा** स्थायी बासिन्दा, **वा** न्यूजिल्यान्डका नागरिक जो सुरक्षित विशेष वर्गीकरण भिसा (Protected Special Category Visa) प्राप्त मानिस हुनु पर्छ
- निको नहुने असक्तता भएका, जुन 'जीवनभर' हुन्छ र दैनिक कृयाकलापमा भाग लिने उनीहरुको क्षमतालाई असर गर्छ।

योग्यता नपुगेका मानिसहरुलाई, NDIS ले अन्य उपयुक्त सहायता खोज्नका लागि उनीहरुलाई सम्पर्क जोडिदिन सक्छ।



## रोजाइ तथा नियन्त्रण

विगतमा, अष्ट्रेलियामा थुप्रै असक्त मानिसले सामुदायिक जीवनबाट बहिष्कार, र उनीहरुको सहायतालाई कसरी उपलब्ध गराइन्छ भन्नेमा थोरै मात्र रोजाइ भएको अनुभव गरे। NDIS मा सहभागीहरुले कस्ता सहायता उनीहरुलाई चाहिन्छ र तिनीहरुलाई कसरी प्राप्त गर्ने भन्ने कुरा निर्णय गर्न सक्छन्।

## उचित तथा आवश्यक सहायता

असक्ततासम्बन्धित सहायता, जुन आवश्यक छ, र एक व्यक्तिलाई उद्देश्य पूरा गर्न तथा सपना पुरा गर्न मद्दत गर्नेछ, र मानिसलाई थप स्वतन्त्र हुन मद्दत गर्छ भने NDIS ले भुक्तानी गर्नेछ।



**NDIS ले समुदायको सामाजिक तथा आर्थिक जीवनको हिस्सा हुनका लागि मानिसहरुलाई आवश्यक सहायता उपलब्ध गर्छ।** यसमा निम्न कुरा समाविष्ट छन्-


- अन्यसँग जोडिएका सम्बन्ध तथा अनुभव बनाएर – परिवार तथा साथीबीच
- समुदाय तथा सामाजिक गतिविधिमा जोडिएर – फुर्सतका कृयाकलापसमेत
- विद्यालय गएर, अध्ययन तथा तालिम गरेर – जस्तै टेफ (TAFE) वा विश्वविद्यालयमा अध्ययन गरेर।

- सामान्य दैनिक जीवनका कार्यहरु - जस्तै निर्णय गर्ने, बिल भुक्तानी गर्ने, र समस्या समाधान गर्ने
- सञ्चार – जस्तै अन्य मानिसहरुसँग सञ्चार गर्ने र बुझ्ने
- आवतजावत - जस्तै तपाईको घर तथा समुदाय वरपर घुम्ने, वा यसका लागि यन्त्र वा सहायता प्राप्त गर्न
- स्व-हेरचाह तथा विशेष हेरचाहको आवश्यकता - जस्तै नुहाईधुवाई गर्न, लुगा लगाउन तथा खाना खानका लागि सहयोग
- घरायसी कृयाकलाप – जस्तै खाना तयारी गर्न तथा तपाईको घर सफा राख्न
- रोजगारी - जस्तै काम खोज्न वा गरिराख्न

## NDIS ले केमा लगानी गर्दैन

NDIS ले तलका अवस्थामा लगानी गर्दैन, जुन-

- व्यक्तिको असक्ततासँग सम्बन्धित हुन्न
- व्यक्तिको सहायता आवश्यकतासँग असम्बन्धित दैनिक जीवनको खर्चसँग सम्बन्धित छ
- अरु एजेन्सीबाट लगानी हुनुपर्ने, जस्तै, शिक्षा, स्वास्थ्य वा आवास
- सहभागी वा अन्यलाई हानि गर्ने सम्भावना भएको।



## असक्त बालबच्चा

NDIS ले असक्तता भएका बच्चालाई अग्रीम सहायता पाउनका लागि पनि तपाईलाई मद्दत गर्न सक्छ। अग्रीम सहायताले तपाई वा तपाईको बच्चाको असक्तताको दीर्घकालीन प्रभावलाई घटाउन मद्दत गर्न सक्छ। NDIS ले यसलाई "अग्रीम हस्तक्षेप" भन्दछ।

## असक्त मानिस तथा उनीहरुको परिवार

NDIS ले उनीहरुलाई सहायता गर्ने योजना बनाउँदा असक्त मानिसका आवश्यकता, लगायत उनीहरुको रोजाइ तथा निर्णय केन्द्र हुन्छ तर परिवारको भूमिका पनि महत्वपूर्ण हुन्छ।

NDIS योजना प्रकृयाका अवधिमा सहायता गर्नका लागि असक्त मानिसले आफ्ना परिवार तथा अन्य सहयोगीलाई आमन्त्रण गर्न सक्छन्। योजनाकारले लगातारको सहायता प्रदान गर्नका लागि परिवारलाई सहायता गर्ने तरिकाबारे सोच्नेछ र सहभागीहरुबीच योजना बनाउँदा परिवारको भूमिका, उनीहरुले उपलब्ध गराउने सहायता, अन्य जिम्मेवारी, र उनीहरुको आफ्नै जीवन योजनालगायतका विषयमा पनि चासो दिनेछ। NDIS योजनाकारहरुले असक्त मानिसहरुले सूचित निर्णय बनाउनका लागि आफ्ना परिवारको सहायताको इच्छा गर्न सक्ने कुराको पनि विचार गर्नेछन्, र उनीहरुको विचार, ज्ञान तथा अनुभवको कदर गर्नेछन्।

## तपाईलाई दोभाषे चाहिए

तपाईलाई प्रश्न सोध्न दोभाषे चाहिएमा वा थप जानकारीका लागि, TIS लाई 131 450 नम्बरमा फोन गर्नुस् र राष्ट्रिय असक्तता बीमा योजना (National Disability Insurance Scheme), 1800 800 110 मा जोडिरहनका लागि अनुरोध गर्नुहोस्।

Interpreter

## तपाई योग्य भएको कसरी पत्ता लगाउने

NDIS बाट सहायता प्राप्त गर्नका लागि तपाई योग्य भए नभएको थाहा पाउन तपाईले NDIS पहुँच चेकलिस्ट प्रयोग गर्न सक्नुहुन्छ
http://www.ndis.gov.au/ndis-access-checklist

जब NDIS ले क्वीन्स्ल्यान्डमा शुरुआत गर्छ, असक्त मानिसहरुले "Access Request Form" भर्न सक्नेछन्। फाराममले NDISलाई NDISबाट तपाईले सहायतामा पहुँच राख्न सक्ने कि नसक्ने भन्ने सूचना प्राप्त गराउँछ। फाराममा तपाईले आफ्नो असक्तता, उमेर तथा नागरिकता/अष्ट्रेलियामा बसोवासका बारेमा सूचना उपलब्ध गर्नु पर्नेछ। फारामको प्रति तथा तपाईको अनुरोधलाई सघाउ पुग्ने सूचना तथा कागजातका प्रकारको जानकारी (जस्तै असक्तताको प्रमाण. बसोबास. उमेर आदि) NDIS को वेबसाइटमा उपलब्ध छन् (सहभागी खण्डमा, Participant section)।

## पूर्व-योजना

मानिसहरुले आफ्नो जीवन कसरी बाँच्न चाहन्छन् अनि यसका लागि उनीहरुलाई के सहयोगको आवश्यकता पर्दछ भन्नेबारेमा अहिले सोच्न तथा योजना गर्न थालेका छन्। योजना प्रकृयाका लागि आफूलाई तयार राख्नका लागि मानिसहरुले NDIS योजना कार्यपुस्तिका पूरा गर्न सक्छन्। कार्यपुस्तिकाको प्रति NDIS वेबसाइटमा उपलब्ध छन्। यसलाई निम्न भाषामा अनुवाद गरिएको छ- स्पेनिस, भियतनामी, अरबिक, ग्रीक, इटालियन, र सरलीकृत तथा परम्परागत चाइनीज।

## NDIS योजनाकारसँग काम गर्दा

जब तपाईलाई NDIS का लागि योग्य भएको सूचित गरिन्छ तब तपाईले योजना सामग्री प्राप्त गर्नुहुनेछ। प्लानिङ्ग किटले योजना तथा मूल्यांकन प्रकृयाका बारेमा व्याख्या गर्छ र एउटा सहभागिता वक्तव्य समावेश गर्छ जसलाई योजना तथा मूल्यांकन प्रकृयाअगावै पूरा गरिनु पर्छ। यदि मानिसहरुलाई दोभाषे वा अनुवादित सामग्रीजस्ता सहायता आवश्यक भए, NDIS ले यसलाई सहयोगको व्यवस्था गर्न सक्छ। यी भेटवार्ताहरुमा तपाईलाई अनुवादित सामग्रीको आवश्यकता भए तपाईले त्यसका लागि अनुरोध गर्न पनि सक्नुहुन्छ।

NDIS योजनालाई तपाईले विकास गर्नसक्ने थुप्रै तरिकाहरु हुनेछन्, NDIS योजनाकारसँगको भेटवार्तालगायत। NDIS ले तपाईको आवश्यकता, उद्देश्य तथा आकांक्षाहरु र तपाईले हालै प्राप्त गर्ने सहायताका बारेमा छलफल गर्न सहयोग गर्छ। यसलाई एकभन्दा बढी संवाद चाहिन सक्छ र सहायताका लागि तपाईको साथमा कोही व्यक्तिलाई राख्न सक्नुहुन्छ। यो जानकारी प्रयोग गरेर, NDIS ले त्यसपछि सहायताहरुको योजना विकास गर्नसक्छ जसले तपाईको आवश्यकता तथा उद्देश्यसँग मेल खान्छ। योजना प्रकृयामा अवधिमा तपाईलाई सहयोग र सहायता गर्त तपाई अन्य मानिसहरुलाई निमन्त्रणा गर्न सक्नुहुन्छ।

थप जानकारीका लागि www.ndis.gov.au

**यो जानकारी एम्पारो एड्भोकेसी इन्क (AMPARO Advocacy Inc) द्वारा विकास गरएको हो।**

*यस क्रममा प्रकाशनका समयमा यस सामग्री सही भएको सुनिश्चित गर्न सम्पूर्ण सावधानी अपनाइए पनि, यो सामान्य विस्तृत अवलोकनका लागि हो तर सही, नयाँ र पूर्ण नहुन सक्छ। थप व्यक्तिगत परिस्थितिजन्य सुझावको उच्च सिफारिश गरिन्छ।*

मिति: नोभोम्बर 2015

Funded by Queensland Government

Community Resource Unit Inc. Expanding Ideas; Creating Change

mamre ASSOCIATION INC

QDN QUEENSLANDERS WITH DISABILITY NETWORK

AMPARO Advocacy inc

53 Prospect Road, Gaythorne, QLD 4051
PO Box 2065, Brookside Centre, QLD 4053
www.amparo.org.au info@amparo.org.au

phone 07 3354 4900
Interpreter Service 131450